नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.:-

## प्रेस विज्ञप्ति

अविरल वर्षाका कारण रोल्पाका विभिन्न स्थानमा पहिरो जाँदा भएको मानवीय तथा भौतिक क्षतिप्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गहिरो दुःख व्यक्त गर्दछ।

वि.सं. २०८३ साउन २७ र २८ गते राति रोल्पाको थवाङ गाउँपालिका वडा नं. ५, कोटलबारा र सुनछहरी गाउँपालिका वडा नं. २, फलबाङ र गिच्छेमा गएको पहिरोमा परी १५ जनाको मृत्यु भएको छ। घटनामा २ जना घाइते भएको र 2 जना बेपत्ता भएको सम्बन्धित आधिकारिक निकायहरुबाट जानकारी प्राप्त भएको छ। उक्त घटनामा स्थानीयका केही निजी घर, गोठ र घुम्ती पसलहरुमा क्षति पुगेको छ।

घटनाबारे जानकारी प्राप्त हुनासाथ रोल्पाका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा स्थानीयवासीको समन्वयमा घाइतेको खोज तथा उद्धार कार्य सञ्चालन गरिएको थियो र, उक्त खोज तथा उद्धार कार्य अहिले पनि जारी छ। घाइते २ जनालाई प्राथमिक उपचारपश्चात् थप उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल पठाइएको छ।

यो दुःखद घटनामा ज्यान गुमाउनुहुनेहरूप्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ।

प्रभावित परिवारहरूलाई "विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१" बमोजिम मृतकका परिवारलाई आर्थिक सहायता, बेपत्ता व्यक्तिका हकमा निर्धारित राहत तथा घरमा क्षति पुगेका परिवारलाई तत्काल राहत, अस्थायी आवास र निजी आवास पुनर्निर्माणसम्बन्धी सहायता उपलब्ध गराइनेछ।

साथै, मनसुनजन्य विपद्को जोखिम अझै कायमै रहेकाले जोखिमयुक्त क्षेत्रका नागरिकहरूलाई आवश्यक सजगता र सतर्कता अपनाउन तथा सम्बन्धित निकायहरूलाई पूर्वतयारी एवम् प्रतिकार्यलाई थप प्रभावकारी बनाउन अनुरोध गरिन्छ।

२०८३।४।२९

हेमराज अर्याल
ससहसचिव/प्रवक्ता

वि.सं. २०८३/०४/२९

ने.सं. ११४६, गुंलाथ्वा, द्वितीया

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np